# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, जेठ २३ गते २०५१ साल (संख्या ८


## भाग ३

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

### अध्यागमन नियमावली २०५१

अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम ‘ अध्यागमन नियमावली, २०५१ ’ रहेको छ ।

(२) यो नियमावलीको नियम २९ र ३९ श्री ५ को सरकारले नेपाल र ाजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुने छ र अन्य नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२ **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा

(क) ‘ ऐन ’ भन्नाले अध्यागमन ऐन, २०४९ सम्झनु पर्छ ।
(ख) ‘ पर्यटक ’ भन्नाले कम्तिमा एक रात वा चौविस घण्टा नेपाल अधिराज्यमा विताउने विदेशी सम्झनु पर्छ ।
(ग) ‘ परिवार ’ भन्नाले लोग्ने, स्वास्नी तथा आमा, वावु र सोह्र वर्ष मुनिका छोरा, छोरी संझनु पर्छ ।
(घ) ‘ पदयात्रा क्षेत्र ’ भन्नाले पदयात्रा गर्न अनुमति लिनु पर्ने गरी श्री ५ को सरकारले तोकेको क्षेत्र सझनु पर्छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड०) "नियोग" भन्नाले विदेश स्थित शाही नेपाली राजदूतावास, शाही नेपाली महावाणिज्य दूतावास र शाही नेपाली वाणिज्य दूतावास सम्झनु पर्छ र सो शब्दले स्थायी वा अस्थायी रुपमा श्री ५ को सरकारको विदेशमा प्रतिनिधित्व गर्ने संगठन वा अधिकारीलाई समेत जनाउँछ ।

(च) "एजेन्सी" भन्नाले विदेशीहरुको आगमन, उपस्थिति र प्रस्थान सम्मको अवधिमा विदेशीलाई सेवा उपलब्ध गराउने व्यक्ति वा श्री ५ को सरकारको ईजाजत प्राप्त संस्था तथा यात्रुहरुको आवागमन गराउने संस्था सम्झनु पर्छ ।

(छ) "भिसा वर्ष" भन्नाले यस नियमावलीको प्रयोजनको लागि कुनै सालको जनवरी १ देखि डिसेम्वर ३१ सम्मको अवधि सम्झनु पर्छ ।

## परिच्छेद २
## भिसा सम्वन्धी व्यवस्था

३. **भिसा दिने वा नदिने श्री ५ को सरकारको अधिकार** : कुनै विदेशीलाई भिसा दिने वा नदिने सम्पूर्ण अधिकार श्री ५ को सरकारमा निहित रहनेछ ।

४. **कूटनैतिक भिसा** : (१) श्री ५ को सरकारले विशेष आदेश जारी गरेको अवस्थामा वाहेक कुनैपनि मुलुकबाट कूटनैतिक राहदानी प्राप्त गरी सम्वन्धित विदेशी कूटनैतिक नियोगवाट कूटनैतिक भिसाको निमित्त सिफारिश गरी पठाएको व्यक्ति, श्री ५ को सरकारबाट कूटनैतिक सुविधा प्रदान गर्न उपयुक्त ठहऱ्याएको व्यक्ति तथा त्यस्तो कूटनैतिक राहदानी प्राप्त व्यक्तिको परिवारका सदस्यलाई कूटनैतिक भिसा दिइनेछ ।

(२) कूटनैतिक भिसा नेपाल अधिराज्यमा काम गरुन्जेल सम्मको लागि पारस्परिकताको आधारमा एकैपटक वा पटक पटक म्याद थप गरी दिइनेछ ।

(३) कूटनैतिक भिसाको लागि अनुसूची १ वमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

तर बिदेशी कूटनैतिक नियोग वा सो कार्यको लागि अधिकार प्राप्त निकायवाट विवरण सहित अनुरोध वा सिफारिश भई आएमा अनुसूची १ वमोजिम निवेदन दिनु आवश्यक हुनेछैन ।

५ **औपचारिक भिसा (अफिसियल भिसा)** : (१) श्री ५ को सरकारले उपयुक्त ठहऱ्याएका व्यक्ति र तिनका परिवार तथा सम्वन्धित बिदेशी कूटनैतिक निकायको सिफारिशमा देहायका बिदेशी र तिनका परिवारलाई औपचारिक ( अफिसियल ) भिसा दिइनेछ :

(क) नेपालका लागि आवासीय वा गैर आवासीय कूटनैतिक नियोग, वाणिज्य दूतावासमा काम गर्ने प्रशासनिक, प्राविधिक तथा गैर कूटनैतिक कर्मचारी तथा वाह्य मुलुकबाट नेपाल घुम्न आउने वहालवाला नेपाली अवैतनिक महावाणिज्यदूतहरु, वाणिज्यदूतहरु र तिनका परिवार,

(ख) श्री ५ को सरकारसंग भएको सम्झौता बमोजिम नेपालमा रहने सल्लाहकार विशेषज्ञहरु,



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 902

(ग) संयुक्त राष्ट्रसंघ वा त्यस अन्तर्गतका संस्थाहरुका नेपाल स्थित कार्यालयमा काम गर्ने कर्मचारीहरु र संयुक्त राष्ट्रसंघद्वारा प्रदान गरिएको लेसेपेसे प्राप्त व्यक्तिहरु

(घ) नेपाल स्थित अन्तरराष्ट्रिय संस्था वा क्षेत्रीय संगठनहरुमा काम गर्ने कर्मचारीहरु,

(२) औपचारिक भिसाको लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

तर विदेशी कूटनैतिक नियोग वा सो कार्यको लागि अधिकार प्राप्त निकायबाट विवरण सहित अनुरोध वा सिफारिश भई आएमा अनुसूची १ बमोजिमको निवेदन दिनु पर्नेछैन ।

६. **पर्यटक भिसा** : (१) नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई पर्यटक भिसा दिइनेछ ।

(२) पर्यटक भिसा एक भिसा वर्षमा बढीमा पांच महीनाको लागि दिइनेछ ।

(३) एक भिसा वर्षमा जारी गरिएको भिसामा तोकिएको अवधि पूरा नगर्दै प्रस्थान गरेको पर्यटकले बाँकी अवधि अर्को भिसा वर्षमा जोडी उपयोग गर्न पाउने छैन ।

(४) एक भिसा वर्षको अन्त्य तिर नेपाल प्रवेश गरी अर्को भिसा वर्षको पर्यटक भिसामा बस्न पाउने अवधि पनि कुनै विदेशीले उपभोग गर्न चाहेमा सो सुविधा निजले उपभोग गर्न सक्नेछ । तर त्यस्तो अवधिको दस्तूरको गणना भने निज बसेको कूल अवधिका आधारमा गरिने छ ।

(५) पर्यटक भिसाको लागि अनुसूची १ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

७. **अध्ययन भिसा** : (१) श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी नेपाल अधिराज्यको कुनै शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न आउने विदेशीहरु, तिनका परिवारलाई अध्ययन भिसा दिईनेछ ।

(२) श्री ५ को सरकारद्वारा छात्रवृत्ति प्रदान गरिएकोमा वा श्री ५ को सरकारको स्वीकृत कार्यक्रम अन्तरगत आउनेमा बाहेक आफू खुसी अध्ययन र अनुसन्धान गर्न चाहने विदेशीलाई नेपालमा रहंदा एकै पटक वा मासिक दामासाहीमा वार्षिक न्यूनतम तीन हजार अमेरिकी डलर र तिनका परिवारका हकमा वार्षिक न्यूनतम दुई हजार अमेरिकी डलर खर्च गर्न सक्ने आधिकारीक श्रोत भएको वा सो बराबरको वैदेशिक मुद्राको सटही रसिद पेश गरेको आधारमा मात्र अध्ययन भिसा दिइनेछ ।

(३) अध्ययन भिसा एक पटकमा एक वर्षको लागि दिइनेछ । सो भन्दा बढी अवधिको लागि दिन परेमा त्यस्ता व्यक्तिको अध्ययन तथा अनुसन्धान प्रगति विवरण तथा क्रियाकलाप लगायत अन्य आवश्यक कुराहरुलाई समेत विचार गरी म्याद थप गर्न सकिनेछ ।

तर अनुसन्धानकर्ता र अध्ययनकर्ताको हकमा यस्तो म्याद थप अनुसन्धान अवधि वा अध्ययनरत शैक्षिक उपाधी अवधिसम्मका लागि मात्र हुनेछ ।

(४) अध्ययन भिसाको लागि शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको सिफारिश पेश गर्नु पर्नेछ ।

(५) अध्ययन भिसाको लागि अनुसूची २ बमोजिमको ढांचामा निवेदन दिनुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **गैर पर्यटक भिसा** : (१) देहायका विदेशी र तिनका परिवारका सदस्यहरुलाई गैर पर्यटक भिसा दिइनेछ ।

(क) विदेशी मित्र राष्ट्रका सरकारी वा गैर सरकारी संस्थाबाट खर्च व्यहोर्ने गरी श्री ५ को सरकारको स्वीकृति प्राप्त सामाजिक वा आर्थिक विकास कार्यमा संलग्न विदेशीहरु,

(ख) नेपाल स्थित विदेशी नियोगद्वारा संचालित संस्थामा काम गर्नको लागि परराष्ट्र मन्त्रालयबाट सिफारिश प्राप्त विदेशीहरु,

(ग) विदेशी पत्रपत्रिका तथा समाचार समितिमा काम गर्नको लागि सूचना तथा संचार मन्त्रालयबाट सिफारिश प्राप्त विदेशी प्रतिनिधिहरु,

(घ) कूटनैतिक वा औपचारिक भिसा प्राप्त विदेशीको परिचारकको रुपमा काम गर्न सम्वन्धित मन्त्रालयवाट सिफारिश प्राप्त विदेशीहरु,

(ङ०) नेपाल अधिराज्यभित्र कुनै फर्म, कम्पनी, संस्था, उद्योग वा व्यवसायमा पारिश्रमिक पाउने गरी काम गर्न श्री ५ को सरकारबाट स्वीकृत प्राप्त विदेशीहरु

(च) नेपाल अधिराज्य स्थित कुनै अन्तर्राष्ट्रिय हवाई संस्थामा काम गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सिफारिश प्राप्त विदेशीहरु,

(छ) विदेशी राहदानी प्राप्त गर्नु अघि नेपालको नागरिक रहेको कुनै विदेशी नेपालमा कुनै नातेदार भेट्न आउने भएमा,

(ज) नेपाली नागरिकसंग वैवाहिक सम्वन्ध भई विवाह दर्ताको प्रमाणपत्र पेश गर्ने विदेशीहरु ।

(झ) सरकारी वा गैर सरकारी स्तरमा सम्पन्न सम्झौता वा सहमति अनुसार सम्वन्धित मन्त्रालयको सिफारिशमा काम गर्न आएका विदेशीहरु,

(य) उद्योग वा व्यवसायको सम्भाव्यता अध्ययन गर्न वढीमा ६ महीनासम्मको लागि सम्बन्धित मन्त्रालयको सिफारिश प्राप्त विदेशीहरु

(ट) समूहगत रुपमा पर्यटकहरुलाई नेपाल भ्रमण गराउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिश सहित आवेदन गर्ने विदेशीहरुको टोली नेता ,

(ठ) श्री ५ को सरकारले उपयुक्त ठहर्‍याएका विदेशीहरु ।

(२) गैर पर्यटक भिसा एक पटकमा वढीमा एक वर्षको लागि प्रदान गरिनेछ र आवश्यकतानुसार पुनः म्याद थप गर्न सकिनेछ ।

(३) गैर पर्यटक भिसा लिन चाहने विदेशीले नेपालमा रहंदा गर्नु पर्ने खर्चको रकम र त्यसको आधिकारीक श्रोत श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(४) गैर पर्यटक भिसा लिनको लागि अनुसूची - २ बमोजिमको ढाचामा निवेदन दिनुपर्नेछ ।

तर उपनियम (१) को खण्ड (ज) बमोजिमका विदेशीहरुले अनुसूची २ (क) बमोजिमको ढांचामा निवेदन दिनुपर्नेछ ।



९६४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **व्यावसायिक भिसा** : (१) देहायका विदेशीहरु र तिनका परिवारलाई व्यावसायिक भिसा दिइनेछ :

(क) नेपाल अधिराज्य भित्र व्यापारिक वा औद्योगिक व्यवसायमा लगानी गर्ने ईजाजत प्राप्त विदेशीहरु वा त्यस्ता व्यापारिक वा औद्योगिक संस्थाको अधिकृत प्रतिनिधि ।

(ख) नेपाल अधिराज्यबाट निकासी व्यापार गर्न लगानी गर्ने इजाजत प्राप्त विदेशीहरु ।

(२) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक व्यावसायिक भिसा एक पटकमा बढीमा पांच वर्षका लागि प्रदान गरिनेछ र आवश्यकतानुसार यसको म्यादथप गर्न सकिनेछ ।

(३) व्यावसायिक भिसाको लागि अनुसूची २ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

१०. **अन्तरिम (ट्रान्जिट) भिसा** : (१) अन्य मुलुकमा जाने क्रममा नेपाल अधिराज्यमा प्रवेश गरेका कुनै विदेशीको हवाई टिकट कन्फर्म भएमा अठचालीस घण्टाको लागि विमानस्थलवाट अन्तरिम भिसा दिइनेछ ।

(२) नेपाल अधिराज्यवाट प्रस्थान गरेको कुनै व्यक्तिलाई कुनै मुलुकबाट प्रवेश अस्वीकार भै नेपालमै फर्काइएको वा कुनै कारणबस आकस्मिक रुपमा नेपालमा अवतरण गरेको वायुयानमा यात्रा गरिरहेका विदेशीलाई सामान्यत: एक हप्ताको लागि अन्तरिम भिसा दिइनेछ ।

(३) अन्तरिम भिसाको लागि अनुसूची ३ बमोजिमको ढांचामा निवेदन दिनुपर्नेछ ।

११. **आवासीय (रेजिडेन्सियल) भिसा** : (१) नेपाल अधिराज्यमा जीवन बिताउन चाहने देहायका विदेशीहरु र तिनका परिवारलाई आवासीय भिसा दिइनेछ ।

(क) अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्ति,

(ख) नेपाल अधिराज्यको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिमा विशेष योगदान पुर्‍याउन सक्ने व्यक्ति ,

(ग) नेपालको नागरिकता त्यागी विदेशी नागरिकता लिई वा नलिई विदेशी राहदानी लिएका नेपालमा बसोवास गर्न चाहने व्यक्ति,

(घ) नेपालको औद्योगिक व्यवसायमा कम्तिमा दशलाख अमेरिकी डलर एकै पटक लगानी गर्ने व्यक्ति,

(ङ)नेपाल अधिराज्यमा कुनै व्यवसाय नगरी जीवनयापन गर्न चाहने विदेशी ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा उल्लेख भएका विदेशीलाई आवासीय भिसा सिफारिश गर्ने नियोगले परराष्ट्र मन्त्रालय मार्फत त्यस्तो विदेशीले भरेको निवेदन सहित विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ङ०) को आधारमा आवासीय भिसा प्राप्त गर्न चाहने विदेशीले पटक पटक वा एक मुष्ट गरी वार्षिक न्यूनतम वीसहजार अमेरिकी डलर नेपालमा खर्च गर्ने वा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(४) आवासीय भिसा लिन चाहाने विदेशीले अनुसूची ४ बमोजिमको ढांचामा विभाग वा सम्वन्धित नियोगमा निवेदन दिनुपर्नेछ ।

(५) आवासीय भिसाको ढांचा अनुसूची ४ (क) बमोजिमको हुनेछ ।

१२ **भिसा दिने र नविकरण गर्ने अधिकारी** : (१) देहायको भिसा देहायको अधिकारीद्वारा दिइने र नवीकरण गरिनेछ ।

| भिसाको किसिम | भिसा दिने र नवीकरण गर्ने अधिकारी |
|---|---|
| (क) कूटनैतिक भिसा | परराष्ट्र मन्त्रालय, तर तीस दिन सम्मको लागि नियोग वा प्रवेश स्थल स्थित अध्यागमन कार्यालयले (प्रवेश भिसाको रुपमा) कूटनैतिक भिसा दिन सक्नेछ । |
| (ख) औपचारिक भिसा | परराष्ट्र मन्त्रालय तर तीस दिन सम्मको लागि नियोग वा प्रवेश स्थल स्थित अध्यागमन कार्यालयले (प्रवेश भिसाको रुपमा) औपचारिक भिसा दिन सक्नेछ । |
| (ग) पर्यटक भिसा | (१) प्रवेश भिसाको रुपमा १५ वा ३० दिनको एक प्रवेशी वा ६० दिनको वहु प्रवेशी भिसाको लागि नियोग वा अध्यागमन अधिकृत, (२) प्रवेश भिसाको रुपमा एक प्रवेशी भिसा लिएको अवस्थामा सो पछि ९० दिन र ६० दिनको वहु प्रवेशी भिसा लिएको अवस्थामा सो पछि ६० दिन सम्मको लागि महानिर्देशक (३) सो पछिको ३० दिन सम्मको लागि गृह मन्त्रालयको निकासा बमोजिम महानिर्देशक. (४) एकसय वीस दिनको अवधि भित्र कुनै पनि विदेशीलाई अध्यागमन अधिकृतले प्रस्थान |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विन्दूमा बढीमा सात दिन सम्मको लागि भिसाको म्याद थप गर्न सक्नेछ ।

| | |
|---|---|
| (घ) अध्ययन भिसा | महानिर्देशक, |
| (ङ०) गैर पर्यटक भिसा | महानिर्देशक, |
| (च) व्यावसायिक भिसा | महानिर्देशक |
| (छ) अन्तरिम भिसा | नियोग वा अध्यागमन अधिकृत |
| (ज) आवासीय भिसा | पहिलो एक वर्षको लागि गृह मन्त्रालय र नविकरणको लागि विभाग । |

(२) उप नियम (१) को खण्ड (क) र (ख) बमोजिम भिसा दिइएको व्यक्तिहरुको नाम, राष्ट्रियता, राहदानी नम्वर र भिसा अवधि खुलेको विवरण मासिक रुपमा परराष्ट्र मन्त्रालयले विभागलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (क) र (ख) बाहेक अन्य खण्डहरु बमोजिम नियोगबाट भिसा जारी गर्दा उठेको राजश्वको विवरण मासिक रुपमा परराष्ट्र मन्त्रालयले विभागमा पठाउनु पर्नेछ ।

१३. <u>भिसा दिन वा नेपाल अधिराज्य भित्र प्रवेश गर्न दिन इन्कार गर्न सकिने</u> : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विदेशीहरुलाई भिसा दिन वा नेपाल अधिराज्य भित्र प्रवेश गर्न दिन अध्यागमन अधिकृतले प्रवेश विन्दूमा नै ईन्कार गर्न सक्नेछ

(क) राहदानी र भिसा शंकास्पद देखिएका,

(ख) ऐन वा यस नियमावलीको विपरित काम गरेवापत निष्काशन गरिएका वा नेपाल अधिराज्यमा प्रवेश गर्न निषेध गरिएका ।

१४. <u>नेपाल अधिराज्यबाट प्रस्थान गर्न रोक लगाउन सकिने</u> : देहायका विदेशीलाई नेपाल अधिराज्यबाट प्रस्थान गर्न विभाग वा अध्यागमन कार्यालयले रोक लगाउन सक्नेछ :

(क) वैध राहदानी र प्रस्थान गर्ने भएको देशमा प्रवेश गर्नको लागि भिसा नभएका,

(ख) नेपाल अधिराज्यबाट प्रस्थान गर्नवाट रोक लगाउनको लागि कुनै अधिकार प्राप्त अधिकारीवाट कारण सहीतको जानकारी प्राप्त हुन आएका ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५ **प्रवेश वा प्रस्थान स्थल** : भिसा लिई नेपाल अधिराज्यभित्र प्रवेश गर्न र नेपाल अधिराज्यबाट प्रस्थान गर्ने विदेशीको प्रयोजनको लागि प्रवेश तथा प्रस्थान स्थल अनुसूची ५ बमोजिम हुनेछ ।

१६. **आगमन तथा प्रस्थान फाराम भर्नुपर्ने** : (१) प्रत्येक विदेशीले नेपाल अधिराज्य भित्र प्रवेश गर्दा अनुसूची ६ बमोजिमको आगमन फाराम र नेपाल अधिराज्यबाट बाहिर प्रस्थान गर्दा अनुसूची ६ (क) बमोजिमको प्रस्थान फाराम भरी अध्यागमन कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बुझाएको फारामको आधारमा अध्यागमन कार्यालयले प्रत्येक दिन विदेशीहरुको आगमन अभिलेख अनुसूची ७ बमोजिमको ढांचामा र प्रस्थान अभिलेख अनुसूची ७ (क) बमोजिमको ढांचामा तयार गरी विभागमा पठाउनु पर्नेछ ।

१७. **आगमन तथा प्रस्थान प्रमाणित गर्ने** : नेपाल अधिराज्यमा प्रवेश वा नेपाल अधिराज्यबाट प्रस्थान गर्ने प्रत्येक व्यक्तिले प्रवेश वा प्रस्थान स्थलमा आफ्नो प्रवेश वा प्रस्थान प्रमाणित गराउनु पर्नेछ । यसरी प्रस्थान वा प्रवेश प्रमाणित हुन छुट भएको व्यक्तिको हकमा कारण सहित निजको निवेदन पर्न आएमा विभागले छानवीन गरी उचित देखेमा आगमन वा प्रस्थान प्रमाणित गरी दिनेछ ।

१८. **कागजात देखाउनु पर्ने** : विभाग वा सो अन्तर्गतका कार्यालयका कर्मचारीहरु र त्यस्ता कर्मचारीहरु नभएका ठाउंमा जिल्ला प्रशासन कार्यालयका अधिकृत कर्मचारी, प्रहरी कर्मचारी तथा सीमा प्रशासन कर्मचारीले कुनै विदेशीको राहदानी, भिसा, पदयात्रा अनुमति पत्र र तत् सम्वन्धी कागजात हेर्न चाहेमा निजले तुरुन्त देखाउनु पर्छ ।

१९ **ठेगाना परिवर्तनको सूचना दिनुपर्ने** : (१) भिसा लिनको लागि वा भिसाको म्याद थप गर्नको लागि दिइएको निवेदनमा उल्लेख गरिएको नेपालमा वस्ने ठेगाना परिवर्तन गरेमा त्यस्तो विदेशीले आफ्नो नाम, राहदानी नम्वर र नयां ठेगानाको सूचना अनिवार्य रुपमा सातदिन भित्र विभाग, कार्यालय वा स्थानीय प्रहरी कार्यालयमा दिनुपर्नेछ ।

(२) एकसय वीस दिन भन्दा वढी नेपालमा वसोवास गरेको कुनै विदेशीले नेपाल अधिराज्यको अन्य कुनै स्थानमा २४ घण्टा भन्दा वढी समय विताउने गरी गएमा आफ्नो नाम, राहदानी नम्वर र ठेगाना समेत खुलेको विवरण सहित त्यस्तो स्थानको स्थानीय प्रहरी कार्यालयमा आफ्नो उपस्थिति दर्ता गराउनु पर्नेछ ।

२०. **काम गर्नमा प्रतिवन्ध** : (१) यस नियमावली बमोजिम पर्यटक र परिवारको सदस्यको हैसियतले भिसा पाउने विदेशीले नेपाल अधिराज्य भित्र रहंदा पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस नियमावली बमोजिम भिसा प्राप्त गर्ने विदेशीले जुन उद्देश्यको निमित्त भिसा प्राप्त गरेको हो सो बाहेक अन्य काम गर्न पाइने छैन ।

२१. **भिसा खारेजीको लागि सूचना दिनु पर्ने** : पर्यटक भिसा बाहेक अन्य किसिमको भिसा प्राप्त कुनै विदेशीले कुनै कारणबाट आफूले पाएको भिसा अवधि व्यतित गर्न नपाउने भएमा सम्बन्धित विदेशी वा निजको कार्यसंग सम्बन्धित कार्यालयको प्रमुखले उक्त भिसा खारेजी को निमित्त सात दिन भित्र अनिवार्य रुपमा भिसा दिने अधिकारीलाई सूचना गर्नु पर्नेछ ।

२२. **भिसा स्थगन** : प्रचलित कानून बमोजिम कारवाहीको सिलसिलामा कुनै विदेशी थुनिन गएमा वा कुनै कानूनी कारवाही चलेकोमा त्यसको किनारा नभए सम्मको लागि त्यस्तो विदेशीले प्राप्त गरेको भिसा स्थगन भएको मानिनेछ र त्यसरी थुनामा रहुन्जेल वा कानूनी कारवाही समाप्त नभएसम्मको लागि निजले भिसा लिइरहनु पर्ने छैन । थुनाबाट मुक्त भएको वा कानूनी कारवाहीको किनारा लागेको मितिले सात दिन भित्र त्यस्तो विदेशीलाई नेपाल अधिराज्यबाट प्रस्थान गराउन सकिनेछ ।

२३. **भिसाको हैसियत बदल्न सकिने** : कुनै किसिमको भिसा लिएर आएको विदेशीले जुन कामको लागि त्यस्तो भिसा प्राप्त गरेको थियो सो काम समाप्त भएपछि त्यस्तो विदेशीले अर्को किसिमको भिसाको लागि निवेदन गरेमा नियम १२ बमोजिमको अधिकारीले ऐन र यस नियमावलीमा लेखिएको कुराहरुको अधिनमा रही त्यस्तो विदेशीलाई अर्को किसिमको भिसा दिन सक्नेछ ।

२४. **अस्थायी रुपमा भिसा शिफारिश वा जारी गर्नसकिने** : (१) अध्ययन, गैर पर्यटक र व्यवसायिक भिसाका लागि सिफारिस गर्न समय लाग्ने भएमा सम्बन्धित मन्त्रालयले सोही व्यहोरा जनाई बढीमा ३ महीनासम्मको लागि अस्थायी रुपमा अध्ययन, गैर पर्यटक र व्यवसायिक भिसाको सिफारिस गर्न सक्नेछ ।

(२) नियम ८ को उप नियम (१) (ज) अनुसारका विदेशीलाई विवाह दर्ता प्रमाण पत्र पेश गर्न समय लाग्ने भएमा सम्बन्धित मुलुकको अधिकारी वा दूतावासको सिफारिसका आधारमा विभागले बढीमा ३ महीना सम्मको गैर पर्यटक भिसा जारी गर्न सक्नेछ ।

२५. **यात्रा अनुमति पत्र जारी गर्न सक्ने** : कुनै विदेशीको राहदानी हराई वा प्रयोग हुन नसक्ने गरी नोक्सान भई, म्याद समाप्त भई वा अन्य कुनै कारणवस नयां राहदानी प्राप्त गर्न नसक्ने अवस्थाका विदेशीलाई आफ्नो देशमा फर्कनको लागि विभागले यात्रा अनुमति पत्र जारी गर्न सक्नेछ ।

तर कूटनैतिक र औपचारिक राहदानी वाहकको हकमा त्यस्तो अनुमतिपत्र परराष्ट्र मन्त्रालयले जारी गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. **भिसा स्थानान्तरण** : नियम २५ बमोजिम कुनै विदेशीले यात्रा अनुमतिपत्र प्राप्त गरेको वा पूरानो राहदानी हराई वा म्याद समाप्त भई नयां राहदानी प्राप्त गरेको अवस्थामा विभागले राहदानी वा यात्रा अनुमतिपत्रमा भिसा स्थानान्तरण गरी दिन सक्नेछ ।

२७. **भिसाको म्याद थपका लागि निवेदन** : कूटनैतिक तथा औपचारिक भिसा बाहेक अन्य भिसाको म्याद थप गराउन अनुसूची ८ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

२८. **भिसा रद्द गर्न सकिने अवस्था** : (१) देहायको अवस्थामा विभागले विदेशीको भिसा रद्द गर्न सक्नेछ :

(क) माग भएको समयमा स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रमाणपत्र पेश नगरेमा ।

(ख) मगज विग्रेमा वा बहुलाएमा ।

(ग) संगीन फौजदारी अपराधको कसूर गरी भागी आएको देखिएमा ।

(घ) कुनै सरुवा वा गंभीर रोग लागेको भएमा ।

(ङ०) निजको उपस्थितिबाट नेपाल अधिराज्यको शान्ति, सुरक्षा र नेपाली जनताको पारस्परिक सौहार्दतामा प्रतिकूल असर पर्ने देखिएमा ।

(च) संदिग्ध आचरण वा अवान्छित क्रियाकलाप गरे, गराएमा ।

(छ) नेपाल अधिराज्य भित्रको सामाजिक र सांस्कृतिक वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा ।

(ज) ऐन, यस नियमावली र अन्य प्रचलित कानूनको उल्लंघन गरे, गराएमा ।

(झ) जुन उद्देश्यको लागि भिसा प्रदान गरिएको हो सो अनुरुपको कार्य नगरी अन्य काम कुरा गरेमा ।

(२) उपनियम (१) बमोजिम भिसा रद्द गरिएमा, सो वापत बुझाएको दस्तूर फिर्ता गरिने छैन ।

२९ **दस्तूर** : (१) नेपाल अधिराज्य भित्र प्रवेश वा उपस्थितिको लागि भिसा जारी गर्दा, भिसाको म्याद थप गर्दा वा भिसाको म्याद नघाई बसेका विदेशीहरुको भिसा नियमित गर्नु पर्दा वा यात्रा अनुमति पत्र जारी गर्दा वा भिसा स्थानान्तरण गर्दा भिसा सम्बन्धी वा अन्य दस्तूर अनुसूचि ९ मा तोके बमोजिम हुनेछ ।

तर दश वर्ष मुनिका वालवालिकाहरुलाई भिसा दस्तूर लाग्ने छैन ।

(२) उप नियम (१)बमोजिम तोकेको भन्दा घटी वा वढी भिसा दस्तूर लगाउने मुलुकको नागरीकहरुलाई पारस्परिकताको आधारमा भिसा दस्तूर लिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. **एक प्रवेशी, दुई प्रवेशी वा वहू प्रवेशी सुविधाको व्यवस्था** : (१) यस नियमावली बमोजिम भिसा जारी गर्दा एक प्रवेशी, दुई प्रवेशी र बहू प्रवेशी सुविधा समेत प्रदान गर्न सकिने छ ।

(२) उपनियम (१) बमोजिम जारी गरिएको सुविधा नियोगबाट भिसा जारी गरेको अवस्थामा भिसाको प्रवेश मान्य अवधिसम्म र कार्यालय वा विभागवाट भिसा जारी गरेको अवस्थामा भिसा मान्य अवधि सम्म मात्र कायम रहने छ ।

तर यस्तो सुविधा प्राप्त विदेशीको नेपाल वस्ने कूल अवधि भने अन्य सुविधा लिएको वा म्याद थप गरेको अवस्थामा बाहेक सुविधा जारी गर्दा उल्लेख गरिएको नेपाल वस्ने अवधि भन्दा वढी हुन सक्ने छैन ।

३१. **भिसा दस्तूर छुट** : देहायका अवस्थामा देहायका व्यक्तिलाई नेपाल अधिराज्य भित्र प्रवेश वा उपस्थितिको लागि भिसा जारी गर्दा र भिसाको म्याद थप गर्दा भिसा दस्तूर छुट दिन वा मिनाहा गर्न सकिनेछ :

(क) कूटनैतिक वा औपचारिक भिसा प्राप्त गर्ने विदेशीलाई ।

(ख) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्रसंघ वा क्षेत्रीय संगठन वा अन्य कुनै अन्तर्राष्ट्रिय संघ संस्था वा सो अन्तर्गतका निकायहरुद्वारा आयोजित सभा, सम्मेलन, प्रशिक्षण वा वैठकमा सहभागी हुन आउने विदेशीलाई ।

(ग) नेपाल अधिराज्यसंग दौत्य सम्बन्ध भएको मुलुकका प्रतिष्ठित व्यक्तिलाई

(घ) पारस्परिकताको आधारमा जुनसुकै मुलुकका नागरिकहरुलाई ।

(ङ०) नेपाली वावु आमा वा वावु आमा मध्ये एक जना नेपाली भई निजहरुवाट जन्मेका १६ वर्ष सम्मका विदेशी राहदानी प्राप्त सन्तानलाई ।

(च) नेपाली मूलको व्यक्तिले नेपाल अधिराज्य स्थित विदेशी नियोगबाट पहिलो पटक राहदानी लिएपछि विदेश प्रस्थान नगरुन्जेल सम्म त्यस्तो व्यक्तिलाई ।

(छ) श्री ५ को सरकारको छात्रवृत्ति वा श्री ५ को सरकारवाट स्वीकृत कार्यक्रममा भागलिन आउने व्यक्तिहरुलाई ।

(ज) उडान रद्द भई नेपाल अधिराज्यबाट प्रस्थान गर्न नसक्ने व्यक्तिलाई अर्को उडानबाट प्रस्थान नगरुन्जेल सम्मको अवधिका लागि ।

(झ) आफ्नो काबु वाहिरको परिस्थितिले गर्दा कुनै विदेशीले भिसामा तोकिएको अवधि भन्दा वढी अवधि बस्नु परेमा वा नियम २९ को उपनियम (१) बमोजिम नियमित गराउदा ।


आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद ३
## पदयात्रा सम्बन्धी व्यवस्था

३२. **पदयात्रा अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने** : नेपाल अधिराज्यको कुनै भागमा पदयात्रा गर्न चाहने विदेशीले पदयात्रा अनुमतिपत्रको लागि अनुसूची १० बमोजिमको ढांचामा र समूहगत रुपमा नेपाल अधिराज्य भित्र विदेशीहरुलाई पदयात्रा गराउने एजेन्सीहरुले अनुसूची १० (क) बमोजिमको ढांचामा विभाग समक्ष दरखास्त दिनुपर्नेछ ।

३३. **पदयात्रा अनुमति पत्र दिने** : नियम ३२ बमोजिमको दरखास्त प्राप्त भएपछि श्री ५ को सरकारद्वारा विदेशीलाई प्रवेश निषेध गरेको क्षेत्र बाहेक अन्य क्षेत्रमा पदयात्रा गर्ने बाटो समेत तोकी सम्बन्धित विदेशीको भिसा अवधि ननाघ्ने गरी व्यक्तिगत रुपमा वा एजेन्सी मार्फत पदयात्रा गर्ने पदयात्रीहरुको लागि अनुसूची ११ बमोजिमको ढांचामा विभागले पदयात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ ।

३४. **पदयात्रीहरुको अधिकतम संख्या** : (१) नेपाल अधिराज्य भित्रको कुनै पनि पदयात्रा क्षेत्रमा पदयात्रा गराइने विदेशीहरुको संख्या श्री ५ को सरकारले वार्षिक रुपमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको संख्या भन्दा बढी हुनेगरी विभागले पदयात्रा अनुमति पत्र जारी गर्ने छैन ।

३५. **तोकिएको बाटोबाट मात्र पदयात्रा गर्नु पर्ने** : नियम ३३ बमोजिम जारी गरिएको अनुमतिपत्रमा तोकिएको बाटोबाट बाहेक अन्यबाटोबाट पदयात्रा गर्न वा निषेधित क्षेत्रमा जानु हुंदैन । पदयात्रा गराउने एजेन्सीले पनि विदेशीलाई अनुमति पत्रमा तोकिएको बाटो बाहेक अन्य बाटोबाट पदयात्रा गराउन वा निषेधित क्षेत्रमा लानुहुंदैन ।

३६. **अनुमतिपत्र फिर्ता गर्नु पर्ने** : पदयात्रा गर्ने विदेशीले नेपाल अधिराज्यबाट प्रस्थान गर्दा पदयात्रा गर्न नियम ३३ बमोजिम जारी गरिएको अनुमतिपत्र प्रस्थान स्थलको अध्यागमन कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

३७. **अनुमतिपत्र रद्द हुने अवस्था** : (१) देहायको अवस्थामा कुनै विदेशीलाई प्रदान गरिएको पदयात्रा अनुमति पत्र विभागले रद्द गर्न सक्नेछ :

(क) नियम २८ बमोजिम भिसा रद्द गरिएमा ।
(ख) पदयात्रा अनुमति पत्रमा उल्लेखित बाटो र क्षेत्र बाहेक अन्य बाटोबाट वा क्षेत्रमा पदयात्रा गरेमा ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नियम ४१ मा उल्लेख भए अनुसारको आचरण र शर्तहरुको पालना नगरेमा ।

(घ) पदयात्रा अनुमति पत्रमा उल्लेख गरिएका अन्य शर्तहरुको पालना नगरेमा

(ङ०) ऐन र यस नियमावलीले गरेका व्यवस्थाहरुको उल्लंघन गरेमा ।

(२) उपनियम (१) बमोजिम रद्द गरिएको पदयात्रा अनुमति पत्र बापत वुझाएको दस्तूर फिर्ता हुनेछैन ।

३८. **पदयात्रीसंग जाने नेपाली नागरिकलाई दिनुपर्ने सुविधा** : (१) पदयात्रा गर्ने पर्यटक वा टोलीले आफू साथ जाने नेपाली नागरिकलाई पदयात्रा गर्नु अघिनै श्री ५ को सरकारले तोके बमोजिमको व्यक्तिगत दुर्घटना बीमा गरी विभागमा जानकारी दिनु पर्नेछ ।

(२) पदयात्रा गर्ने पर्यटक वा टोलीले आफूसाथ जाने नेपाली नागरिकलाई श्री ५ को सरकारले निर्धारण गरेको रकम भन्दा कम नहुने गरी दैनिक पारिश्रमिक, आवश्यक लुगा तथा उपकरण समेतको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बीमा गराउनु पर्ने व्यक्तिको बीमा नगराउँदै काममा लगाइएको कारणबाट दुर्घटना परी चोट पटक लागेमा, अंग भंग वा मृत्यु भएमा व्यक्तिगत दुर्घटना बीमा गराइएको भए निजले जेजति रकम पाउने थियो सोही बराबरको रकम निज वा निजको नजिकको हकवालालाई पदयात्रा गर्ने पर्यटक वा टोलीले क्षतिपूर्तिको रुपमा दिनु पर्नेछ

३९ **पदयात्रा अनुमतिपत्र दस्तूर** : पदयात्रा अनुमतिपत्र दस्तूर अनुसूची १२ मा तोके बमोजिम हुनेछ ।

तर देहायका विदेशीलाई विभागले पदयात्रा अनुमति दस्तूर छुट दिन सक्नेछ :

(क) कूटनैतिक भिसा प्राप्त विदेशी ।

(ख) कुनैपनि दस्तूर नलाग्ने भनी श्री ५ को सरकारसंग संझौता भएको रहेछ भने त्यस्तो संझौता संग सम्वद्ध भई आफ्नो कामसंग सम्वन्धित क्षेत्रमा जाने प्रयोजनका लागि पदयात्रा अनुमति माग गर्ने विदेशी ।

(ग) श्री ५ को सरकारको योजना वा कार्यक्रमसंग सम्वद्ध विदेशीको कार्यक्षेत्र पदयात्रा क्षेत्रमा नै परेको रहेछ भने त्यस्ता विदेशीहरु ।

(घ) आफ्ना वावु वा आमा संग पदयात्रामा जाने १० वर्ष मुनिका वाल बालिकाहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद ४

## प्रवेश तथा प्रस्थान गर्दा पालन गर्नु पर्ने आचरण तथा शर्तहरु

४०. **प्रस्थान र प्रवेश बिन्दुमा राहदानीमा छाप लगाउनु पर्ने.** : राहदानी लिई नेपाल अधिराज्यबाट विदेश प्रस्थान गर्ने र विदेशबाट नेपाल अधिराज्यभित्र प्रवेश गर्ने प्रत्येक नेपाली नागरिकले प्रवेश र प्रस्थान बिन्दुमा अध्यागमन कार्यालयबाट आफ्नो राहदानीमा छाप लगाउनु पर्नेछ ।

४१. **विदेशीले पालन गर्नु पर्ने आचरण र शर्तहरु** : नेपाल अधिराज्यमा प्रवेश, उपस्थिति, पदयात्रा वा नेपाल अधिराज्यबाट प्रस्थान गर्ने प्रत्येक विदेशीले ऐन तथा यस नियमावलीमा उल्लेख गरिएका व्यवस्थाका अतिरिक्त देहाय बमोजिमको आचरण तथा शर्तहरुको पालना गर्नु पर्नेछ :

(क) अनुमति पत्र वीना पदयात्रा क्षेत्रमा जान हुंदैन ।

(ख) राजनीतिमा भाग लिनु हुंदैन ।

(ग) प्रचलित कानूनले निषेध गरेका वस्तुहरु राख्न वा प्रयोग गर्न वा निषेध गरेका कार्यहरु गर्न हुंदैन ।

(घ) स्थानीय परम्परा र रीतिरिवाज विपरीत कुनै क्रियाकलाप गर्न गराउन हुंदैन ।

(ङ०) पदयात्रा क्षेत्रमा अधिकार प्राप्त अधिकारीले दिएका निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

४२ **एजेन्सीले पालन गर्नु पर्ने आचरण तथा शर्तहरु** : एजेन्सीले ऐन तथा यस नियमावलीमा व्यवस्थित अन्य व्यवस्था तथा शर्तहरुको अतिरिक्त देहाय बमोजिमको आचरण तथा शर्तहरु पालन गर्नु पर्नेछ :

(क) नेपाल अधिराज्यबाट यात्रुहरु विदेश लैजाने वा नेपाल अधिराज्यमा ल्याउने विमान वा गाडी वा त्यस्तै कुनै पनि वाहन संचालन गर्ने नेपाली वा विदेशी कम्पनी वा संस्था वा चालकले आफ्नो वाहनबाट नेपाल अधिराज्य भित्र ल्याएका वा नेपाल अधिराज्यबाट विदेश लगिएका नेपाली वा विदेशी यात्रुहरु तथा चालक दल एवं वाहन सहभागीहरुको नामावली आगमन र प्रस्थान गर्दा सम्बन्धित कार्यालयले माग गरेको समयमा दिनु पर्नेछ ।

(ख) वैध राहदानी नभएका, निष्काशन गरिएका वा प्रवेश गर्न नदिने गरी रोक लगाइएको विदेशीलाई ल्याउनु हुंदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) यस नियमावली बमोजिम प्रवेश निषेध गरिएका व्यक्तिलाई ल्याएमा विभाग वा कार्यालयले निर्देश गरेको समयमा फिर्ता लाने दायित्व ल्याउने पक्षको हुनेछ ।

(घ) राहदानी, भिसा वा अनुमतिपत्र नभएका विदेशीलाई आफ्नो होटल वा घरमा भाडामा राख्न वा कुनै सेवा उपलब्ध गराउनु हुँदैन ।

(ङ०) आफूकहां बसेका वा आफूले सेवा पुर्‍याएका विदेशीहरुको मासिक लगत हरेक अर्को महिनाको पहिलो हप्ता भित्र विभागमा दिनु पर्नेछ ।

## परिच्छेद ५
## विविध

४३. **पर्वतारोहीहरु सम्बन्धी विशेष व्यवस्था** : (१) पर्वतारोहणको इजाजत प्राप्त विदेशीहरुले पर्वतारोहणको लागि जांदा र आउंदा पदयात्रा अनुमति पत्र लिनु पर्नेछ । तर त्यस्तो अनुमति पत्र बापतको दस्तूर भने तिर्नु पर्नेछैन ।

(२) पर्वतारोहणका लागि जाने विदेशीहरुले पर्वतारोहण अवधिको समेत भिसा दस्तूर बुझाउनु पर्नेछ ।

तर पर्वतारोहणको अवधि पर्यटक भिसाको अवधिमा गणना गरिने छैन ।

४४. **विभागले तोकेको स्थानमा बस्नु पर्ने** : (१) ऐन वा यस नियमावली बमोजिम निष्काशनको आदेश जारी गरिएको विदेशीले नेपाल अधिराज्यबाट प्रस्थान नगरुन्जेल सम्मको लागि विभागले तोकेको स्थानमा बस्नु पर्नेछ र त्यस्तो विदेशीले नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आफैले व्यहोर्नु पर्नेछ ।

(२) निष्काशनको आदेश अनुसूची १३ बमोजिमको ढांचाको हुनेछ ।

४५. **फारामहरुको भाषा** : यस नियमावली अन्तरगतका फारामहरु आवश्यकतानुसार अंग्रेजी भाषामा पनि छपाउन र प्रयोग गर्न गराउन सकिनेछ ।

४६. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४७. **खारेजी र बचाउ** : (१) विदेशी सम्बन्धी नियमावली, २०३२ खारेज गरिएको छ ।

(२) पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ मा जुनसुकै कुरा लेखिएको भएतापनि पदयात्राको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

(३) यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १
(नियम ४(३), ५(२) र ६(५) संग सम्वन्धित)

<u>कूटनैतिक । आँपचारिक । पर्यटक । भिसा निवेदन फाराम</u>

फोटो

श्री महामहिम राजदूतज्यू । वाणिज्यदूतज्यू । महा वाणिज्यदूतज्यू
महा निर्देशकज्यू । अध्यागमन अधिकृतज्यू

मलाई नेपाल भ्रमण गर्नु पर्ने । गर्न ईच्छा भएकोले कूटनैतिक । आँपचारिक । पर्यटक । प्रवेश भिसा दिनु हुन अनुरोध गर्दछु । मेरो विवरण निम्न अनुसार छ ।

१ नामथर :
२ राष्ट्रियता :
३ जन्म स्थान :
४. जन्म मिति :
५ स्थायी ठेगाना :
६. नेपालको अस्थायी ठेगाना :
७. पेशा :
८. राहदानी नं .
९ राहदानी जारी मिति :
१०. राहदानी वहाल रहने मिति :
११. नेपाल भ्रमणको उद्देश्य :
१२ नेपालमा रहने अवधि : ................ दिन । हप्ता । महीना
१३. प्रस्थान भई जाने मुलुक :
१४. नेपाल वसाइलाई लाग्ने खर्चको श्रोत : (विदेशी मुद्रामा)
१५ यस अघि नेपाल भ्रमण गरेको पटक :
१६. पछिल्लो पटकको नेपाल भ्रमण गरेको साल र महीना तथा वसेको अवधि :
१७. आफ्नो नाममा अन्य देशको राहदानी भए देशको नाम र राहदानी नं. :

मिति :

निवेदकको हस्ताक्षर

<u>कार्यालय प्रयोजनको लागि मात्र</u>

१ भिसाको किसिम :
२ निशुल्क भए त्यसको आधार :
३ प्रवेश भिसा नं. :
४. भिसा वहाल रहने मिति :
५. भिसा जारी गरेको मिति :
६. भिसा स्टिकर नम्वर :

मिति :

भिसा जारी गर्ने अधिकृत
प्रवेश स्थलमा भए अध्यागमन कोड नं
समेत उल्लेख गर्ने ।

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २
(नियम ७(५), ८(४) र ९(३) संग सम्बन्धित)

अध्ययन । गैर पर्यटक । व्यावसायिक भिसाका
लागि निवेदन फाराम

फोटो

महानिर्देशकज्यू,
अध्यागमन विभाग ।

मलाई अध्ययन । गैर पर्यटक । व्यावसायिक भिसा आवश्यक भएकोले माग बमोजिम भिसा दिनु हुन अनुरोध गर्दछु । मेरो विवरण निम्न अनुसार छ ।

१. नाम, थर :
२. राष्ट्रियता :
३. जन्म स्थान :
४. जन्म मिति :
५. स्थायी ठेगाना :
६. नेपालको अस्थायी ठेगाना :
७. व्यवसाय :
८. (क) राहदानी नं ............... (ख) जारी मिति ..........
(ग) बहाल रहने मिति : ..........
९. (क) नेपाल प्रवेश गरेको मिति : ............ (ख) स्थान : ............
१०. नेपाल बसेको कुल अवधि :
११. अन्तिम भिसा नम्बर :
१२. (क) अन्तिम भिसा बहाल रहेको मिति : ..........
(ख) भिसाको किसिम : ..........
१३. हाल भिसा माग गर्नुको कारण :
१४. माग गरिएको भिसा स्वीकृत भएमा नेपाल बस्ने अवधि :
१५. नेपाल बस्दा संलग्न रहने निकाय । क्षेत्र :
१६. (क) स्थानीय कर तिर्नु पर्ने । नपर्ने :
(ख) तिर्नु पर्ने भए तिरे नतिरेको (प्रमाण संलग्न गर्ने ) :
१७. परिवार संख्या :
१८. माग गरिएको भिसा स्वीकृत भएमा नेपालमा हुने खर्चको श्रोत :
१९. माग गरेको भिसा प्राप्त गर्ने आधार के छ :
२०. अन्य केही खुलाउनु पर्ने भए : ..........
..........
२१. संलग्न कागजातहरु :
(क) सम्बद्ध निकायको सिफारीश
(ख) श्रम स्वीकृति
(ग) ..........
(घ) ..........

मिति :

निवेदकको हस्ताक्षर

कार्यालय प्रयोजनको लागि

१. भिसा जारी गर्ने निर्णय मिति :
२. फाइल नं :
३. भिसा स्टिकर नं. :
४. भिसाको किसिम :
५. भिसा शुल्क :
६. बिल नं :

996



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. भिसा जारी गरेको मिति :
८. भिसा बहाल रहने मिति :
९. अन्य केही भए :

मिति :

अध्यागमन अधिकृत
कोड नम्बर :

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २ (क)
(नियम ८(४) को प्रतिबन्धात्मक वाक्यांशसंग सम्बन्धित)

श्री महानिर्देशकज्यू,
अध्यागमन विभाग।

मैले नेपाली नागरिक श्री .................. संग विधिवत विवाह गरी प्रमाणपत्र प्राप्त गरेकोले निम्नानुसार विवरण खोली नियमानुसार पाउने गैर पर्यटक भिसाको लागि आवेदन गर्दछु।

१. नाम, थर :
२. राष्ट्रियता :
३. जन्म मिति :
४. ठेगाना :
५. राहदानी नम्बर :
६. राहदानी बहाल मिति :
७. पेशा :
८. प्रवेश मिति :
९. प्रवेश भिसा नम्बर :
१०. भिसाको म्याद :
११. (क) नेपाली नागरिक पति। पत्नीको नाम :
(ख) ठेगाना :
(ग) नागरिकता प्रमाणपत्र नम्बर :
१२. विवाह दर्ता प्रमाणपत्र प्राप्त गरेको जिल्ला र लिएको मिति :
१३. भिसा माग अवधि :
१४. संलग्न कागजातहरु :
(क)
(ख)
(ग)
(घ)

मिति :

निवेदकको हस्ताक्षर

उपरोक्त व्यहोरा ठीक सांचो हो। निज मेरो पति। पत्नी हुन् र व्यहोरा फरक परे नेपाल कानून बमोजिम सहुला बुझाउला भनी सहीछाप गर्ने नेपाली पक्ष :

नाम :
सहिछाप :

मिति :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ३
(नियम १० (३) सग सम्बन्धित)
अन्तरिम भिसाका लागि निवेदन फाराम

श्री महामहिम राजदूतज्यू । वाणिज्यदूत ज्यू । महावाणिज्यदूतज्यू । महानिर्देशक ज्यू ।
अध्यागमन अधिकृत ज्यू

मलाई अन्तरिम भिसा आवश्यक भएकोले लाग्ने शुल्क लिई अन्तरिम भिसा दिनु हुन अनुरोध गर्दछु । मेरो विवरण निम्न अनुसार छ ।

१. नाम, थर :
२. राष्ट्रियता :
३. जन्म स्थान :
४. जन्म मिति :
५. स्थायी ठेगाना :
६. पेशा :
७. राहदानी नम्वर :
८. राहदानी जारी मिति
९. राहदानी बहाल रहने मिति :
१०. अन्तरिम भिसा माग गर्नुको कारण
११. नेपालको बाटो भई जाने मुलुकको नाम
१२. अन्तरिम अवधिमा नेपालमा बस्ने ठेगाना
१३. संलग्न कागजातहरु (केही भए)
(क)
(ख)
१४. अन्तरिम भिसा माग अवधि मिति देखि सम्म दिन

मिति

निवेदकको हस्ताक्षर

कार्यालय प्रयोजनको लागि मात्र

१ अन्तरीम भिसा स्वीकृत अवधि
२ भिसा नम्वर
३ भिसा स्टिकर नम्वर
४ सशुल्क । निशुल्क
५ निशुल्क भए त्यसको आधार
६ भिसा जारी मिति

भिसा जारी गर्ने अधिकृत
(प्रवेश स्थलमा भए अध्यागमन अधिकृतको कोड नम्वर समेत उल्लेख गर्ने )

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ४

(नियम ११ (४) संग सम्बन्धित)

आवासीय भिसाका लागि निवेदन फाराम

फोटो

श्री महामहिम राजदूतज्यू। श्री महावाणिज्यदूत ज्यू।
श्री वाणिज्यदूत ज्यू । श्री महानिर्देशक ज्यू ,

मलाई नेपालमा जीवन बिताउन ईच्छा भएकोले आवासीय भिसा दिनु हुन अनुरोध गरेको छु। मेरो बिवरण निम्न अनुसार छ ।

१. नाम, थर :
२. राष्ट्रियता :
३. जन्म स्थान :
४. स्थायी ठेगाना :
५. नेपालको ठेगाना :
६. व्यवसाय :
७. (क) राहदानी नम्बर : ............ (ख) जारी मिति ............
८. अन्तिम भिसा बहाल रहने मिति : .................... (नेपाल प्रवेश गरिसकेको भए)
९. (क) यस अघि नेपाल बसेको कुल अवधि :
   (ख) नेपाल बस्दा संलग्न रहेको क्षेत्र :
१०. आवासीय भिसा माग गर्नुको आधार :
   (क) ख्याती आर्जन गरेको भए क्षेत्र :
   (ख) नेपालको कुन क्षेत्रमा योगदान गर्ने उद्देश्य छ :
   (ग) एकै पटक १० लाख अमेरिकी डलर भन्दा बढी लगानी गरेको ।
   (घ) अन्य :
      (अ) ..........
      (आ) ..........
      (इ) ..........
११. परिवार संख्या :
१२. अन्य खुलाउनु पर्ने केही भए :
१३. संलग्न कागजातहरु :
   (क) ..........
   (ख) ..........
   (ग) ..........

मिति :

निवेदकको हस्ताक्षर



१२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूचि ४ (क)
(नियम ११ (५) संग सम्बन्धित)
श्री ५ को सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग

आवासीय भिसा

फोटो

१. नाम, थर :
२. राष्ट्रियता :
३. जन्म स्थान :
४. स्थायी ठेगाना :
५. नेपालको ठेगाना :
६. व्यवसाय :
७. राहदानी नम्बर :
८. आवासीय भिसा दिने निर्णय मिति :
९. आवासीय भिसा जारी मिति :
१०. आवासीय भिसा वहाल रहने मिति :

मिति :

अध्यागमन अधिकृत
कोड नम्बर :

भिसा नविकरण :

| सि.नं. | भिसा वहाल मिति | | नवीकरण गरेको मिति | अध्यागमन अधिकृतको दस्तखत र कोड नम्बर |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ५
(नियम १५ संग सम्वन्धित)

प्रवेश वा प्रस्थान स्थल :

भिसा लिई प्रवेश गर्नु पर्ने विदेशीहरुको प्रवेश तथा प्रस्थान स्थल देहाय बमोजिम हुनेछन् :

(क) काकडभित्ता , भापा ।
(ख) त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल, काठमाडौं ।
(ग) कोदारी, सिन्धुपाल्चोक ।
(घ) वीरगज, पर्सा ।
(ङ०) वेलहीया (सुनौली), रुपन्देही ।
(च) जमुनाहा, नेपालगंज बाके ।
(छ) मोहना, धनगढी कैलाली ।
(ज) गड्डाचौकी, महेन्द्रनगर कंचनपुर ।

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूचि ६
(नियम १६ (१) संग सम्वन्धित)

आगमन फाराम

१ नाम, थर :
२ राष्ट्रियता :
३ जन्म मिति :
४ लिङ्ग : पुरुष । स्त्री
५ आफू बस्ने मुलुक :
६ (क) राहदानी नम्वर :
(ख) जारी गरेको स्थान र जारी मिति :
(ग) राहदानी बहाल रहने मिति :
७ (क) भिसा नम्वर : .................. (ख) जारी मिति ..........
(ग) वहाल रहने मिति : .............. (घ) भिसा जारी भएको स्थान : ........
८ आगमन प्रकार : हवाई मार्ग । स्थल मार्ग
९ उडान नम्वर :
१० आगमन स्थल :
११ कहावाट आएको :
१२ भ्रमणको उद्देश्य :
अफिसियल ।पदयात्रा ।पर्वतारोहण । व्यापार ।तीर्थयात्रा । विदा मनाउन ।सम्मेलन ।जलयात्रा । अन्य
१३ बस्न चाहेको दिन :
१४ नेपालमा रहने ठेगाना :
१५ पहिले नेपाल आउनु भएको थियो । थिएन :
१६ आउनु भएको भए कति पटक :
१७ आगमन मिति :

हस्ताक्षर

१२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ६ (क)

(नियम १६ (१) संग सम्बन्धित)

प्रस्थान फाराम

१ नाम, थर :
२ जन्म मिति :
३ लिङग : पुरुष । स्त्री
४. राष्ट्रियता :
५. आफू बस्ने मुलुक :
६. राहदानी नम्बर :
७. प्रवेश भिसा नम्बर :
८. आगमन मिति :

---

१. प्रस्थानको समयमा बहाल रहेको भिसा नम्बर :
२ अन्तिम पटक भिसा थप गर्ने कार्यालय :
३. प्रस्थान समयको भिसा बहाल मिति :
४. प्रस्थान प्रकार : (क) हवाई मार्ग द्वारा (ख) स्थल मार्ग द्वारा
(ग) उडान नम्बर : (घ) प्रस्थान स्थल :
५. नेपालमा भ्रमण गरेको स्थानहरु :
६. भ्रमणको उद्देश्य : अफिसियल । पदयात्रा । पर्वतारोहण । ब्यापार । तीर्थयात्रा । बिदा मनाउन । सम्मेलन । जल यात्रा । अन्य . . .
७. नेपाल छोडेपछिको पहिलो पहुँच स्थल :
८. नेपालमा बसेको अवधि :
९ प्रस्थान मिति :

मिति :

हस्ताक्षर

---

अध्यागमनले भर्ने

निजको प्रस्थान मितिसम्मको भिसा नियमित छ । छैन ।

दस्तखत :
कोड नम्बर :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ७
(नियम १६(२) सँग सम्बन्धित)

## आगमन अभिलेख

कार्यालय :- आगमन मिति :- उडान नं.

| सि.नं. | राहदानी नं. | राष्ट्रियता | लिङ्ग | नाम, थर | नेपालको ठेगाना | प्रवेश भिसाको किसिम | भिसा नं. | भिसा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

तयार गर्ने :
अध्यागमन कोड नं. :
मिति :

प्रमाणित गर्ने :
अध्यागमन कोड नं. :
मिति :

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ७(क)
(नियम १६(२) सँग सम्बन्धित)

## प्रस्थान अभिलेख

कार्यालय :- प्रस्थान मिति : उडान नं.

| सि.नं. | जाने मुलुक | राष्ट्रियता | राहदानी नं. | लिङ्ग | नाम, थर | नेपालको ठेगाना | प्रवेश भिसा नं. | अन्तिम भिसा नं. | अन्तिम भिसा म्याद | आगमन मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

तयार गर्ने :
अध्यागमन कोड नं. :
मिति :

प्रमाणित गर्ने :
अध्यागमन कोड नं. :
मिति :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ८

(नियम २७ संग सम्बन्धित)

भिसाको म्याद थप गर्न दिइने निबेदन फाराम

फोटो

श्री महानिर्देशकज्यू
अध्यागमन विभाग ।
श्री शिष्टाचार महापालज्यू
परराष्ट्र मन्त्रालय ।

लाग्ने भिसा शुल्क लिई । निशुल्क मेरो भिसाको म्याद थप गरी दिनु हुन अनुरोध गरेको छु । मेरो बिबरण निम्न अनुसार छ ।

१. नाम, थर :
२. राष्ट्रियता :
३. जन्मस्थान :
४. जन्म मिति :
५. स्थायी ठेगाना :
६. नेपालको अस्थायी ठेगाना :
७. व्यवसाय :
८. (क) राहदानी नम्बर : (ख) जारी मिति :
   (ग) बहाल मिति :
   (घ) आफ्नो नाममा अन्य देशको राहदानी भए देशको नाम र राहदानी नम्बर : (ख) मिति :
९. (क) प्रवेश भिसा जारी गरिएको स्थान : (ख) भिसा स्टिकर नम्बर :
१०. (क) अन्तिम भिसा बहाल रहने मिति :
११. यो वर्ष नेपाल बसेको कुल अवधि :
१२. माग गरेको भिसाको किसिम :
१३. भिसा माग गरेको अवधि मिति ............ देखि ............ सम्म ............ दिन
१४. एक प्रवेशी । दुइ प्रवेशी । बहु प्रवेशी भिसा माग गरेको भए उल्लेख गर्ने :
१५. भिसा म्याद थप गर्नु पर्ने कारण :
१६. नेपाल बसाईका लागि छुट्याइएको रकम : (विदेशी मुद्रामा)
१७. नेपालबाट प्रस्थान गर्ने मिति :
१८. प्रस्थान स्थल :
१९. जाने मुलुक :
२०. फर्कने हवाई । बस । टिकट छ छैन :
२१. संलग्न कागजातहरु :
   (क) ............
   (ख) ............
   (ग) ............

मिति :

निबेदकको हस्ताक्षर

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभाग(रड)प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ९
(नियम २९ सग सम्बन्धीत)

## भिसा दस्तुर

१ नियोग र प्रवेशस्थल स्थित अध्यागमन कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तुर

(क) - एक प्रवेशी (Single Entry)- १५ दिनसम्मको लागि १५ अमेरिकी डलर वा सो वरावरको अ न्य परिवर्त्य विदेशी मुद्रा र १५ दिन भन्दा वढी ३० दिन सम्मको लागि २५ अमेरिकी डलर वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ख) दुई प्रवेशी (Double Entry) - ३० दिन सम्मको लागि ४० अमेरिकी डलर वा सो वरावरको अन्य परिर्वत्य विदेशी मुद्रा ।

(ग) वहु प्रवेशी (Multiple Entry) - ६० दिनको लागि ६० अमेरिकी डलर वा सो वरावरको अन्य परिर्वत्य विदेशी मुद्रा ।

२ विभागवाट पर्यटक भिसामा पुन प्रवेशको सुविधा लिनु परेमा लाग्ने दस्तुर -

(क) एक प्रवेशी (Single Entry) को लागि अमेरिकी डलर २५ वरावरको नेपाली मुद्रा ।
(ख) दुई प्रवेशी (Double Entry) को लागि अमेरिकी डलर ४० वरावरको नेपाली मुद्रा ।
(ग) वहु प्रवेशी (Multiple Entry) को लागि अमेरिकी डलर ६० वरावरको नेपाली मुद्रा ।

३ पर्यटक भिसाको म्याद थप वा नियमित गर्दा लाग्ने दस्तुर :-

(क) क्रम संख्या १ मा उल्लेखित अवधि पछि म्याद थपको लागि प्रतिदिन १ अमेरिकी डलर वरावरका नेपाली मुद्रा ।
(ख) पर्यटक भिसाको म्याद थप नगरी वसेका विदेशीको भिसा नियमित गर्नु परेमा यस नियमावली बमोजिम भिसा म्याद थप गर्दा लाग्ने साधारण दस्तूरमा थप १०० प्रतिशत ।

४ अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :-

(क) प्रवेशको समयमा ३० दिनको अध्ययन भिसा जारी गर्नु परेमा अमेरिकी डलर २५ वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा ।
(ख) अध्ययन भिसा जारी गर्दा वा म्याद थप गर्दा प्रति महिना २० अमेरिकी डलर वरान्रको नेपाली मुद्रा ।

५ गैर पर्यटक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर :-

(क) प्रवेशको समयमा ३० दिनको गैरपर्यटक भिसा जारी गर्नु परेमा अमेरिकी डलर २. वा सो वरावरका परिवर्त्य विदेशी मुद्रा ।
(ख) नेपाली मूलका विदेशी र नेपाली बाबु वा आमाका विदेशी राहदानी वाहक सन्तानलाई प्रति महिना १० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।
(ग) इजाजत प्राप्त पत्रकारहरुलाई प्रति महिना १० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।
(घ) श्री ५ को सरकारको कार्यालय वा आयोजनामा प्रत्यक्ष रुपमा सलग्न भई कार्यरत हुने विदेशीहरुलाई प्रति महिना २० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।
(ङ) नेपाली नागरीक सग विवाह गर्ने विदेशीलाई गैर पर्यटक भिसा जारी गर्दा प्रति महिना २० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।
(च) अन्य विदेशीहरुलाई प्रति महिना ३० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

६ व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तुर -

(क) प्रवेशको समयमा ३० दिनको व्यावसायिक भिसा जारी गर्नु परेमा अमेरिकी डलर २५ वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) व्यावसायिक भिसा जारी गर्दा वा म्याद थप गर्दा वहु प्रवेशी सुविधा सहित वार्षिक ३५० अमेरिकी डलर वरावरको नेपाली मुद्रा र ५ वर्षको एकै पटक लिन चाहेमा १५०० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

७ अन्तरिम भिसा जारी गर्दा लाग्ने दस्तुर :- ५ अमेरिकी डलर वा सो वरावरको परिवर्त्य विदेशी मुद्रा ।

८ वहुप्रवेशी सुविधा सहित आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तुर :- प्रथम पटक १०० अमेरिकी डलर वरावरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक ५० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

९ व्यावसायीक , अध्ययन र गैर पर्यटक भिसाको म्याद थप नगरी वसेका विदेशीको भिसा नियमित गर्दा :- व्यवसायिक, अध्ययन र गैर पर्यटक भिसाको म्याद थप नगरी वसेकाको हकमा ३० दिन सम्मको अवधिका लागि जुन भिसामा वसेको हो सो भिसा वापत यस नियमावली बमोजिम लाग्ने दस्तूरमा ५० प्रतिशत थप र सो पछिको अवधिका लागि १०० प्रतिशत थप दस्तूर लाग्नेछ ।

१० पर्यटक र व्यावसायिक भिसा वाहेक अन्य भिसामा एक प्रवेशी , दुई प्रवेशी र वहु प्रवेशी सुविधा लिनु परेमा क्रमश : २५ ,४० र ६० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

११ अन्य दस्तुर :-

(क) प्रवेशस्थलवाट भिसा नलिई प्रवेश गर्ने विदेशीलाई पर्यटक भिसा जारी गर्नु परेमा यस नियमावली बमोजिम लाग्ने दस्तूरमा २५ प्रतिशत थप गरी सो वरावरको नेपाली मुद्रा ।

(ख) यात्रा अनुमति पत्र जारी गर्दा १० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

(ग) आगमन वा प्रस्थान प्रमाणित गर्दा वा भिसा स्थानान्तरण गर्नु परेमा १ अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

१२ भिसाको दस्तूरको गणना- पर्यटक भिसा वाहेक अन्य भिसाको दस्तूरको गणना गर्ने प्रयोजनका लागि अवधि गणना गर्दा १५ दिन भन्दा कम अवधिको भिसा भए १५ दिन सम्मको र १५ दिन भन्दा वढी एक महिना भन्दा कम अवधिको भए १ महीनाको भिसा दस्तूर लाग्ने गरी दस्तूरको गणना गरीनेछ ।

१३०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि १०
(नियम ३२ संग सम्बन्धित)
पदयात्रा अनुमतिका लागि निबेदन फाराम

फोटो

श्री महानिर्देशकज्यू,
अध्यागमन बिभाग ।

मलाई नेपाल अधिराज्यको निम्न स्थानमा पदयात्रा गर्ने ईच्छा भएकोले निम्न बिबरण खुलाई निबेदन दिएको छु । उल्लेखित क्षेत्रमा पदयात्रा गर्ने अनुमति दिइएमा प्रचलित कानून तथा अध्यागमन नियमावली २०५१ को परिधि भित्र रही पदयात्रा गर्ने व्यहोरा अनुरोध गर्दछु ।

तपसिल

१ पर्यटकको बिबरण
नाम थर : राष्ट्रियता :
जन्म मिति : स्थायी ठेगाना :
व्यवसाय : अस्थायी ठेगाना :
राहदानी नम्बर : राहदानी जारी गरेको मिति :
प्रवेश भिसा जारी गरिएको स्थान : मिति :
भिसा बहाल रहने मिति :
२ पदयात्राको उद्देश्य :
३ पदयात्रा गर्ने क्षेत्र :
४ पदयात्रा गर्ने बाटो :
५ पदयात्राको अवधि (मिति ) : .......... देखि .............. सम्म ...... दिन
६ पदयात्रा शुरु गर्ने स्थान :
७ पदयात्रा समाप्त हुने स्थान :
८ पदयात्राको लागि अनुमानित खर्च : (परिवर्त्य विदेशी मुद्रामा उल्लेख गर्ने)

मिति :

निवेदकको हस्ताक्षर

द्रष्टव्य : उल्लेखित स्थानमा जाने बाटोको नक्सा भए यसै साथ बुझाउनु पर्नेछ ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १०(क)
(नियम ३२ संग सम्बन्धित)

एजेन्सी मार्फत पदयात्रा अनुमति निवेदन फाराम

श्री महानिर्देशकज्यू,
अध्यागमन विभाग, काठमाडौं ।

विषय - पदयात्रा अनुमति उपलब्ध गराइदिने ।

हाम्रो इजाजत प्राप्त ट्रेकिङ एजेन्सी मार्फत निम्न पर्यटकहरुले पदयात्रा गर्न जान इच्छा गरेकोले निजहरुलाई पदयात्रा अनुमति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । अनुमति दस्तूर बापत रकम रु. ... .. संलग्न छ ।

पदयात्रा गराएबापत सेवा शुल्क जम्मा रकम ... .. (परिवर्त्य विदेशी मुद्रा उल्लेख गर्ने) लिएका /लिनेछौं । ऐन तथा नियमावलीले निर्देशन गरेका सम्पूर्ण शर्तहरुको पालना गरी निर्धारित क्षेत्र र बाटोमा मात्र पदयात्रा गराउनेछौं ।

पर्यटकहरुको विवरण निम्नानुसार छ

| सि.नं. | नाम,थर | राष्ट्रियता | राहदानी नं. र बहाल रहने मिति | प्रवेश भिसा जारी गरेको स्थान र मिति | आगमन हुने र मिति | भिसा बहाल रहने मिति | पदयात्रामा जाने क्षेत्र र जाने अवधि ... ... देखि ... ... सम्म दिन ... | पदयात्रा शुरु र समाप्त हुने स्थान | पदयात्राको मार्ग |
|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२<br>३ | | | | | | | | | |

बोधार्थ
श्री कर कार्यालय, ... ... ... जिल्ला ।
श्री नेपाल राष्ट्र बैंक ।
विदेशी विनिमय विभाग ।

श्री पर्यटन विभाग, त्रिपुरेश्वर, काठमाडौं ।

इजाजत प्राप्त एजेन्सीको अधिकार प्राप्त अधिकारीको
नाम,थर

दस्तखत
मिति

द्रष्टव्य:- कर कार्यालय र नेपाल राष्ट्र बैंकको बोधार्थ अध्यागमन विभागमा नै बुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ११
(नियम ३३ संग सम्बन्धित)
श्री ५ को सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग

फोटो

## पदयात्रा अनुमति पत्र

अध्यागमन नियमावली, २०५१ को नियम ३१ बमोजिम निम्न पर्यटकलाई निम्न क्षेत्र (उक्त क्षेत्रमा पर्ने निषेधित ईलाका वाहेक) मा मिति .............. देखि .............. सम्म पदयात्रा गर्न अनुमति प्रदान गरिएको छ ।

१. नाम थर :
२. राष्ट्रियता :
३. स्थायी ठेगाना :
४. नेपालको अस्थायी ठेगाना :
५. राहदानी नम्बर :
६. नेपाली भिसाको म्याद : (मिति लेख्ने)
७. पदयात्रा गर्न अनुमति दिइएको क्षेत्र :
८. पदयात्राको लागि निर्धारित बाटो :
९. पदयात्रा शुरु हुने स्थान :
१०. पदयात्रा समाप्त हुने स्थान :
११. ट्रेकिङ्ग एजेन्सी मार्फत पदयात्रा गर्ने भए एजेन्सीको नाम :
१२. पदयात्रा अनुमति नम्बर :

मिति :

______________________
अध्यागमन अधिकृत
कोड नम्बर :

---

द्रष्टव्य :-
(१) निर्धारीत क्षेत्र वा बाटो वाहेक अन्य क्षेत्र वा बाटोबाट पदयात्रा गराएमा कानूनको उल्लंघन गरेको मानिनेछ ।
(२) पदयात्रामा जादा यो अनुमति पत्र साथमा राख्नु पर्छ ।
(३) अध्यागमनका कर्मचारी वा प्रहरी कर्मचारीले अनुमति पत्र माग गरेमा देखाउनु पर्नेछ

मुद्रण विभाग, सिंहदरबार

933



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १२
(नियम ३९ संग सम्बन्धीत)

पत्र
पदयात्रा अनुमति/दस्तुर

१ माथिल्लो मुस्ताङ क्षेत्र र माथिल्लो डोल्पा क्षेत्रमा: पहिलो १० दिनको लागि प्रति व्यक्ति ७०० अमेरिकी डलर वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यस पछि प्रतिदिन प्रतिव्यक्ति ७० अमेरिकी डलर वा सो वरावरको अन्य परिवर्न्य विदेशी मुद्रा ।

२ मनास्लु क्षेत्रमा: सेप्टेम्वर देखि नोभेम्वर सम्म प्रतिहप्ता प्रतिव्यक्ति ९० अमेरिकी डलर वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा र डिसेम्वर देखि अगष्ट सम्म प्रतिहप्ता प्रतिव्यक्ति ७५ अमेरिकी डलर वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

३ हुम्ला (सिमिकोट- यारी ) क्षेत्रमा: प्रतिहप्ता प्रतिव्यक्ति ९० अमेरिकी डलर वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा र सो पछि प्रतिदिन प्रतिव्यक्ति १५ अमेरिकी डलर वा सो वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

४. कञ्चनजंगा र तल्लो डोल्पा क्षेत्रमा: पहिलो ४ हप्ता प्रतिव्यक्ति प्रतिहप्ता १० अमेरिकी डलर वरावरको नेपाली मुद्रा र सो पछि प्रतिव्यक्ति प्रतिहप्ता २० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

५. पदयात्राका लागि खुल्ला गरिएका अन्य क्षेत्रमा: पहिलो ४ हप्ता प्रतिव्यक्ति प्रतिहप्ता ५ अमेरिकी डलर वरावरको नेपाली मुद्रा र त्यस पछि प्रतिव्यक्ति प्रतिहप्ता १० अमेरिकी डलर वरावरको नेपाली मुद्रा ।

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि १३
(नियम ४४ (२) संग सम्बन्धित)

निष्काशन आदेश

श्री ........................................
........................................

तपाइले देहायको काम कुरावाट अध्यागमन सम्वन्धी कानूनको उल्लघन गरेकोले अध्यागमन नियमावली, २०५१ को नियम ४४ (२) अनुसार तपाइलाई नेपाल अधिराज्यवाट ........................ देखि ........................ सम्म पुन आउन नपाउने गरी निष्काशन गर्ने मिति ............ को निर्णयानुसार निष्कासन गरिएकोले सूचना गरिएको छ ।

गरेको काम

मिति :

अध्यागमन अधिकृत

---

आज्ञाले,
**भोजराज पोखरेल**
**श्री ५ को सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।